आज मिति २०७५ साल ~~वैशाख~~ जेष्ठ ४ गतेका दिन राप्ती सोनारी गाउँ पालिकाका अध्यक्ष श्री लाहुराम थारु ज्यू को अध्यक्षतामा गाउँ पालिकाको मासिक बैठक निम्न पदाधिकारीज्यू हरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरु माथी छलफल गरी निर्णय गरीयो ।

तपसिल

श्री लाहुराम थारु - अध्यक्ष
श्री धनी कुमारी खत्री - उपाध्यक्ष
श्री चन्द्र बहादुर वली - वडा अध्यक्ष वडा नं. १
श्री मदन कुमार वली - —॥— ॥ २
श्री गंगा राम थारु - —॥— ॥ ३
श्री कान्हा थारु - —॥— ॥ ४
श्री भगत थारु - —॥— ॥ ५
श्री जनक बहादुर थारु - —॥— ॥ ६
श्री राम लखन थारु - —॥— ॥ ७
श्री हुकुम बहादुर वस्नेत - —॥— ॥ ८
श्री महावीर वली - —॥— ॥ ९
श्री रमकला जैसी - महिला सदस्य
श्री नैनी कुमारी खत्री - —॥—
श्री मीना कुमारी विष्ट - —॥—
श्री लिला नेपाली - —॥—
श्री देव राम कुमाल - दलित अल्पसंख्यक सदस्य
श्री पतरी दमाई - —॥—
श्री नोखी राम ओली - प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव

<u>२०७५/२/४ गतेका निर्णयहरु</u>

१) मिति २०७५ साल बैशाख ३० गते राती आएको हावाहुरीले घर, गोठ, एवम वालीनालीमा नोक्सान पुर्याएको वारेमा बैठकमा छलफल गरियो । वडा कार्यालयवाट क्षेतिको विवरण सहित प्राप्त हुन आएका सिफारिसहरुलाई देहायनुसार गर्ने निर्णय गरियो :-

   क) वडा कार्यालयहरुबाट सर्जिमिन मुचुल्का सहित सिफारिस भई आएकाहरुको क्षतिको विवरण उल्लेख गरी राहत उपलब्ध गराई दिन जिल्ला प्रशासान कार्यालय बाँकेलाई सिफारिस गर्ने निर्णय गरियो ।

   ख) वडा कार्यालयहरुबाट क्षतिको विवरण उल्लेख गरि सिफारिस भई आएका विवरणहरुको क्षतिको स्तर अनुसार "क" ,"ख" र "ग" वर्गमा वर्गीकरण गर्न वातावरण तथा विपद व्यवस्थापन समितिलाई जिम्मा दिने । साथै उक्त समितिको प्रतिवेदनका आधार "क"बर्गकालाई रु ५ हजार, "ख" बर्गकालाई रु ३ हजार र "ग" वर्गकालाई रु २ हजार सहयोग गर्ने निर्णय गरियो ।

२) आगलागी हुदा प्रभावितलाई यस अघिनै रु ३ हजार सहयोग गर्ने निर्णय भएको र कुनै परिवारको बसोबास गरेको घरमा आगलागी भई नोक्सान पुग्न गएमा अब देखि रु ५ हजार सहयोग गर्ने निर्णय गरियो ।

३) वातावरणीय अध्ययनविना ढुंगा, गिट्टी, वालुवा संकलन उत्खनन गर्दा पर्यावरणमा असर पर्ने भएकोले गाउँपालिका क्षेत्र भित्र रहेका संकलन/उत्खनन योग्य स्थलको पहिचान गरी वाताबरणीय दृष्टिकोणले उपयुक्त स्थलबाट ढुंगा, गिट्टी, वालुवा संकलनको परिमाण सिफारीस गर्न प्रारम्भिक वातावरणीय परिक्षण(IEE) को प्रकृया अघि बढाउने निर्णय गरियो ।